# बीमा क्षेत्रमा goAML Reporting सम्बन्धी Knowledge Sharing तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले सञ्चालनमा ल्याएको goAML system मा बीमा कम्पनीहरुलाई पूर्ण रुपमा आवद्ध गर्ने उद्देश्यले इकाईको आयोजनामा मिति २०७८ पुस ०५ गते काठमाडौँमा १ दिने Knowledge Sharing तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । जीवन तथा निर्जीवन बीमा कम्पनीहरुका Compliance officer तथा goAML reporting सँग सम्बन्धित कर्मचारीहरुको सहभागितामा गरिएको उक्त कार्यक्रममा नियमनकारी निकाय बीमा समिती र वित्तीय जानकारी इकाई अन्तर्गतको goAML implementation team ले विद्युतीय माध्यमबाट रिपोर्टिंगमा रहेका समस्या र समाधानका उपायबारे छलफल गरेका थिए ।



सो Knowledge Sharing तथा अन्तरक्रिया कार्यक्रम समग्रमा दुई सत्रमा सञ्चालन भएको थियो । जीवन बीमा कम्पनीका प्रतिनिधिहरु सहभागी रहेको पहिलो सत्रमा नेपाल लाइफ ईन्स्योरेन्स कम्पनीकी Compliance Officer पूजा धितालले goAML reporting सम्बन्धि कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यस्तै निर्जिवन बीमा कम्पनीका प्रतिनिधिहरु सहभागी रहेको दोस्रो सत्रमा नेपाल ईन्स्योरेन्स कम्पनी लि. की Compliance Officer सुलना श्रेष्ठले goAML reporting सम्बन्धि आफ्नो कार्यपत्र पेश गर्नुभएको थियो ।

कार्यक्रममा उठेका जिज्ञासाहरुबारे इकाई प्रमूख दीर्घ बहादुर रावल, goAML Implementation Team का उप-निर्देशक स्वरुप श्रेष्ठ तथा इकाईका सूचना प्रविधि कर्मचारीद्धय विवेश पोखरेल र दीपक पराजुलीले सम्बोधन गर्नुभएको थियो भने सहायक निर्देशक अमिष शर्मा तथा सहायक यज्ञप्रसाद सापकोटाले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । बीमा समितीको निर्देशनसँग सम्बन्धित जिज्ञासाहरुबारे बीमा समितीका उप-निर्देशक शम्भराज लामिछाने तथा सहायक-निर्देशक हृदयश्वर पण्डीतले सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक अमिष शर्माले गर्नुभएको थियो ।



Session with Life Insurance companies



Session with Non-Life Insurance companies